गोरखा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ४ | संख्याः ६ | मितिः २०७७/८/२५

**भाग-२**

गोरखा नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

नगर कार्यपालिकाबाट स्वीकृत मितिः- २०७७/०८/२३

प्रस्तावना :

पशु पालन पेशालाई मर्यादित ,आयमुलक,प्रर्तिस्पर्धि र व्यवसायिक मुलक पद्धतिमा रुपान्तरण गर्न साथै पशु,पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्रीको स्वस्थ रुपमा उत्पादन ,बिक्री वितरण गरी कृषकको आय स्तर सुधार गरि गरिबी न्यनीकरण ,रोजगार श्रृजना जमिनको सदुपयोग र युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्ने अभिप्रायले गोरखा नगरपालिकाले विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरु अगाडी सारेको हुदाँ यि कार्यक्रमहरु निश्चित विधि र प्रकृया अन्तर्गत एकरुपता कायम राखी सञ्चालन गर्न सकियोस भन्ने हेतुले गोरखा नगरपालिकाले प्रशासकीय कार्यविधि दिएको अधिकार प्रयोग गरी पशु विकास कार्याकार्यविधि ,२०७७ बनाई लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम **पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि** ,२०७७ रहेको छ ।

ख) यो कार्यविधि गोरखा नगरपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२.परिभाषा

क) **“नगरपालिका”** भन्नाले गोरखा नगरपालिकालाई जनाउछ ।

ख) **“साझेदारी ”** भन्नाले कार्यक्रम सञ्चालनका लागि दुई वा दुई भन्दा बढी सरकारी निकार्यहरु वा सरकारी एवं गैरसरकारी क्षेत्र विच द्धिपक्षिय /वहुपक्षिय सम्झौताको आधारमा हुने लागत सहभागितालाई जनाउँदछ ।

ग) **“पशुजन्य वस्तु”** भन्नाले घरपालुवा वा पशुपन्छी तथा माछाजन्य ताजा वा नासवान वस्तु सम्झनु पर्छ ।

घ) **“प्रस्ताव”** भन्नाले साझेदारीमा कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यकता अनुसार साझेदारले पेश गरेको विस्तृत लागत अनुमान सहितको कार्य विवरण सम्झनु पर्दछ ।

ङ) **“फार्म”** भन्नाले स्थानिय तह वा अन्य आधिकारिक निकार्यमा दर्ता भएको निजी वा साझेदारी वा किसान समूह/समिति/सहकारी फर्मलाई सम्झनु पर्छ ।

च) “ **व्यवसायीक पशु पंक्षी फर्म** ”भन्नाले तोकिएको संख्या वा सो भन्दा वढी व्यवसायिक रुपमा पशु पाल्ने कृषकहरुको फार्म वा व्यवसायलाई सम्झनु पर्छ ।

छ) “ **कृषक समूह/समिति** ”भन्नाले प्रचलित कानुन वमोजिम पशुपालन व्यवसाय संग सम्वन्धित भई स्थापित व्यवसायलाई सम्झनु पर्दछ ।

छ) “ **कार्यक्रम** ”भन्नाले गोरखा नगरपालिका पशु सेवा शाखावाट सर्शत अनुदान वा अधिकार प्रत्यायोजित तथा समन्वयात्मक रुपमा सञ्चालन गरिने सम्पूर्ण कार्यक्रम सम्झनु पर्नेछ ।

**३ उद्धेश्य**

क) वेरोजगार /अर्ध वेरोजगार /वैदेशिक रोजगारीवाट फर्केका जनशक्तिहरुलाई स्वरोजगारका अवसरहरु सृजना गरी विदेशिने क्रम न्यूनिकरण गर्न सहयोग पुर्‍याउने ।

ख) युवाहरुको आय आर्जनमा टेवा पुर्‍याई कृषक परिवारको गरिवी न्यूनिकरणमा सहयोग पुर्‍याउने

ग) पशु जन्य व्यवसायमा यान्त्रीकरण प्रवर्द्धन गर्ने

घ) स्वच्छ ,स्वस्थ एवं गुणस्तरीय पशु जन्य पर्दाथको उत्पादन र उपभोगमा टेवा पुर्‍याउने ।

## परिच्छेद २

**४ कार्यक्रमहरु कार्यानव्यन प्रकृया**

क) स्वीकृत वार्षिक कार्यक्रम मुताविक अनुसूची १ वमोजिको १५ दिने सार्वजनिक सूचना स्थानीय एफ.एम पत्रिका मार्फत जारी गरी र प्रत्येक वडा कार्यालयहरुमा टाँस गरि प्रस्ताव आव्हान गरिनेछ ।

ख) सूचनामा उल्लेख भए मुताविक कार्यक्रम सञ्चालनका लागि उपयुक्त र इच्छुक प्रस्तावकहरुले अनुसूची १ वमोजिमको निवेदन पेश गर्नु पर्ने छ।

ग) दफा ४ को उपदफा (क) मुताविकको सूचनाका आधारमा निर्धारित समय भित्र प्रयाप्त प्रस्तावहरु दर्ता हुन नआएमा नगरपालिकाले म्याद थप गरेको ७ दिने सूचना प्रकाशन गर्न सक्नेछ ।

घ) रित नपुगि वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन ।

ङ) प्राप्त प्रस्तावहरुको प्रारम्भिक छनौट ,फिल्ड भेरिफिकेशन र मुल्याङकनको लागि निम्न वमोजिमको प्रस्ताव अनुगमन तथा मुल्याङकन समिति रहने छ ।

| | |
|---|---|
| १ मेयर | संयोजक |
| २.उप मेयर | सदस्य |
| २ प्रशासकीय अधिकृत | सदस्य |
| ३ जनप्रतिनिधि २ जना( महिला १जना) | सदस्य |
| ४ पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

च) अनुगमन तथा मुल्याङकन समितिले नियमानुसारको रित पुर्‍याई प्रस्तावहरु मध्येवाट अनुसूचि ३ वमोजिम प्रस्तावहरु मुल्याङकन गरी अनुदानको लागि प्रस्ताव छनौट गर्नेछ ।

छ) छनौटमा परेका प्रस्तावहरुको नामावली र सम्झौता गर्न आउने म्याद समेत तोकी सूचना टाँस गरिनेछ ।

**५ सझौता**

क) स्वीकृत प्रस्तावका आवेदक संग सम्वन्धित कार्यालयले अनुसूचि ४ वमोजिमको द्धिपक्षिय सझौता गरी कार्यक्रम सञ्चालन गर्नेछ

ख) तोकीएको अवधि भित्र पिक्षिय सम्झौता हुन नसकेमा वैकल्पिक प्रस्तावकसंग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

ग) द्धिपक्षिय सम्झौतालाई कार्यक्रम कार्यान्वयनको मूल आधार मानिनेछ ।

६ अनुदान प्रवाहको शर्तहरु

क) प्रस्तावित कार्यक्रमका लागि योग्यता पुगेका संस्थागत प्रस्तावहरुको हकमा सूचना प्रकाशन हुनु अगावै प्रचलित कानुन बमोजिमको निकायमा विधिवत दर्ता भएको हुनु पर्नेछ

ख) विगत १ वर्ष भित्र संघिय ,प्रादेशिक सरकार मातहतका निकायहरु वा नगरपालिकावाट अनुदान प्राप्त गरेका आवेदकहरुलाई उही शीर्षकमा पून अनुदानको लागि योग्य मानिने छैन ।

ग) साझेदारले मेशिनरी उपकरण तथा अन्य विशिष्टकृत सामानहरु खरिद गर्दा सो को स्पेसिफिकेशन, कोटेशन र निर्मित कम्पनी/फर्म आदिको विवरण नगरपालिकामा पेश गरी पूर्व स्वीकृती लिएर मात्र खरिद गर्नु पर्नेछ साथै यस्तो खरिद कार्य गर्दा नियमानुसार आधिकारिक भ्याट /प्यानमा दर्तावाल फर्मले जारी गरेको विल विजक पेश नगरेको खण्डमा नगरपालिकाले सम्झौता मुताविकको रकम भूक्तानी दिन वाध्य हुने छैन ।

घ) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा ३ वर्ष सम्म व्यवसाय संञ्चालन गर्नु पर्नेछ ।

ङ) अनुदान रकमको दुरुपयोग भएको पाएमा त्यस्ता अनुदान ग्राहीवाट प्रचलित कानुन वमोजिम रकम असूली र कारवाही हुनेछ ।

च) अनुदानमा स्थापना भएको औजार उपकरण भौतिक संरचना र सामाग्रीहरु अन्य कार्यमा प्रयोग गर्न पाइने छैन ।

छ) चालु खर्चमा अनुदान उपलव्ध गराईने छैन ।

ज) वैदेशिक रोजगारीवाट फर्केका युवाहरुलाई पशु पंक्षी क्षेत्रमा आर्कर्षित गर्ने उद्धेश्यले नयाँ फार्म निर्माणको लागि पनि अनुदान उपलव्ध गर्न सकिनेछ ।

७ भुक्तानी प्रकृया

क) सम्वन्धित साझेदारले सुरुमा आफ्नो तर्फवाट सम्झौता अनुसारको कार्य सम्पन्न गरी भौतिक निर्माणको हकमा कार्य सम्पन्न प्रतिवेदन तथा अन्यको हकमा नियमानुसारको कोटेशन,विल भर्पाई एव फोटोग्राफ आदि कागजात संलग्न राखी भुक्तानीको लागि अनुरोध गरे पश्चात स्थलगत निरिक्षण गरी मनासिव ठहरेमा रनिङ्ग विलको आधारमा सम्पन्न भएको कामको भुक्तानी दिनेछ ।

ख) वार्षिक स्वीकृत कार्यक्रम वजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकमको सिमा तोकिनेछ साथै लागत साझेदारीमा सञ्चालन हुनेछ ।

ग) नियमानुसारको कर कट्टा गरि वाँकी रकम उपलव्ध गराईने छ ।

घ) अनुदान रकमको भुक्तानी कार्य सम्पन्न भए पश्चात एकै किस्तामा साझेदारको वैंक खाता मार्फत हुनेछ ।

८ कार्यक्रम कार्यान्वयन सम्वन्धि जिम्मेवारी तथा दायित्व

क) कार्यक्रम कार्यान्वयनका शिलशिलामा सूचना प्रकाशन प्रस्ताव छनौट सम्झौता अनुगमन र भुक्तानी सम्वन्धि जिम्मेवारी र दायित्व सम्वन्धित अख्तियार प्राप्त उप शाखा शाखाहरुको र मुल्याङकन समितिको हुनेछ ।

ख) सझौता मुताविकको कार्य निर्धारित समय भित्र उच्च गुणस्तर कायम राखी सम्पन्न गर्ने दायित्व सम्वन्धित साझेदारको हुनेछ ।

ग) अनुदान ग्राहीले कार्यक्रम सञ्चालनको प्रगती प्रतिवेदन नियमित रुपमा सम्वन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

९ पशु आहारा सेवा कार्यकम (७५प्रतिशत अनुदान आवश्यकताको आधारमा घाँस को विउ वितरण

वर्षे भरी हरियो घाँसको उपलब्धता सुनिश्चत गर्नको लागि कृषक,व्यवसायीक कृषक तथा कृषक समूह /समिति /सहकारी मार्फत उन्नत जातका हिउदे, वर्षे र वहुवर्षे घाँसेवालीहरुको खेती प्रवर्द्धन गर्नुपर्ने आवश्यकता देखिएको छ उन्नत घाँस खेति विस्तारको लागि गोरखा नगरपालिकावाट घाँसको विउ /वेर्ना/सेट्स स्लीप आदिको ७५ प्रतिशत अनुदान आवश्यकताको आधारमा वितरण कार्यक्रमहरु संचालन गरिने छ ।

१ हिउदे /वर्षे/वहु वर्षेघाँसको विउ /वेर्ना/सेट्स वितरण कार्यक्रम सञ्चालन प्रक्रिया

क) पशु पालनमा आवद्ध कृषक, व्यवसायीक कृषक/समूह/समिति/सहकारी फर्म र उद्यमीहरुलाई वार्षिक स्वीकृत कार्यक्रम वजेटको सिमा भित्र रही ७५ प्रतिशत अनुदानमा वितरण गरिनेछ ।

ख) व्यवसाय दर्ताको हगमा गाई/भैसी

| फर्मको वर्गिकरण | पशु संख्या | | विउको मात्रा | कैफियत |
|---|---|---|---|---|
| | न्यूनतम | अधिकतम | | |
| साना व्यवसायिक गाई/भैसी फर्म | ५ | १० | ५० के.जी | |
| मझौला व्यवसायिक गाई/भैसी फर्म | ११ | २० | १०० | |
| ठूला व्यवसायिक गाई/भैसी फर्म | २१ | माथि | १०० | |
| बाखा प्रजनन योग्य | १० | २० | | |
| बाखा प्रजनन योग्य | २० | ५० | | |

घाँस लगाउने जमिनको उपलब्धता र सिचाईको व्यवस्थाको आधारमा विउ/वेर्ना/सेट्स ७५ प्रतिशत

अनुदानमा वितरण गरिनेछ ।

ग) घाँसको विउ उत्पादान गर्ने कृषकको हगमा बढीमा ५ रोपनी जमिन भएको कृषकलाई प्राथमिकता आधारमा ७५ प्रतिशत अनुदानमा दिन

## परिच्छेद ३

**१ व्यवसायीक पशु पन्छी फार्म प्रवर्द्धन कार्यक्रम**

**१.१ व्यवसायीक गाई /भैसी फार्महरुलाई गोठ निर्माण /सुदृढिकरण तथा जैविक सुरक्षा कार्यक्रम सञ्चालन प्रक्रिया**

क) कार्यक्रम सञ्चालन गर्दा वार्षिक स्वीकृत कार्यक्रमको बजेट सिमा भित्र रही यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (क) देखि(छ) सम्मको प्रावधानहरु अवलम्वन गरिनेछ ।

ख) यस कार्यक्रम प्रयोजनको लागि व्यवसायीक गाई /भैसी फार्मको वर्गिकरण निम्न वमोजिम हुनेछ ।

| क.स. | फर्मको वर्गिकरण | पशु संख्या | | हुनु पर्ने आधार | कैफियत |
|---|---|---|---|---|---|
| | | न्यूनतम | अधिकतम | | |
| १ | साना व्यवसायिक गाई/भैसी फर्म | ५ | १० | माउ गाई/भैसी वा वालि जाने उमेर भएको कोरेली | |
| २ | मझौला व्यवसायिक गाई/भैसी फर्म | ११ | २० | | |
| ३ | ठूला व्यवसायिक गाई/भैसी फर्म | २१ | माथि | | |

ग. कार्यक्रम संञ्चालनको लागि उपलव्ध गराईने आर्थिक सहयोग निम्नानुसार हुनेछ । प्रस्तावकले अनुदान रकम वरावरको रकम( ५०:५० प्रतिशत)आफैले लगानी गर्नु पर्नेछ ।

१ साना व्यवसायिक गाई/भैसी फर्मलाई प्रति फर्म वढीमा रु ५०,००० सम्म आर्थिक सहयोग प्रदान गरिनेछ ।

२ मझौला व्यवसायिक गाई/भैसी फर्म लाई प्रति फर्म वढीमा रु ८०,००० सम्म आर्थिक सहयोग प्रदान गरिनेछ ।

३ ठूला व्यवसायिक गाई/भैसी फम लाई प्रति फर्म वढीमा रु १००००० सम्म आर्थिक सहयोग प्रदान गरिनेछ ।

४ नयाँ गोठ /फार्म निर्माण गर्ने हकमा फार्मको किसिम /कुल लागत/प्राविधिक मुल्याङकन अनुसार लागत साझेदारीमा वढिमा रु१००००० अनुदान प्रदान गर्न सकिनेछ ।

(नोट : सूचना अनुसारको कुनै फर्मको किसिममा आवेदन पर्याप्त मात्रामा नआएमा त्यसमा विनियोजित भएको रकम अर्को फर्म किसिमको संख्या थप गरि अनुदान उपलव्ध गराउन सकिने छ )

५ अनुदान रकम खर्च गर्न सकिने कृयालापहरु : फार्म निर्माण /सुढृढिकरणसँग सम्वन्धित कार्यहरु

गोठ निर्माण/सुधार तथा फार्म सुरक्षा (वार वन्देज) जैविक सुरक्षा आदि ।

**१.२ व्यवसायीक वाखा फार्महरुलाई खोर निर्माण /सुढृढिकरण तथा जैविक सुरक्षा कार्यक्रम सञ्चालन प्रक्रिया**

क) कार्यक्रम सञ्चालन गर्दा वार्षिक स्वीकृत कार्यक्रमको बजेट सिमा भित्र रही यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (क) देखि(छ) सम्मको प्रावधानहरु अवलम्वन गरिनेछ ।

ख) यस कार्यक्रम अर्न्तगत व्यवसायीक वाखा फार्महरुलाई वर्गिकरण निम्न वमोजिम हुनेछ ।

१ निजि व्यवसायिक वाखापालन फार्महरु : कम्तिमा २० वटा प्रजनन् योग्य माउवाखा पालन गरेको फर्म

२ समूह /समितिमा सञ्चालन हुने व्यवसायिक वाखापालन फार्महरु :कृषक समूह /समितिमा कम्तिमा ५ जना सदस्य भएको र प्रत्येक कृषक सदस्य संग औषत ४ वटा प्रजनन् योग्य माउवाखा पालन गरेको वा सो संख्यामा वाखापालन गरी व्यवसाय शरु गर्ने समूह/समिति अर्न्तगतको फार्म

३ सहकारीमा सञ्चालन हुने व्यवसायिक वाखापालन फार्महरुः कम्तिमा २५ जना सदस्यहरुले वाखापालन गरिरहेको र प्रति सदस्य कम्तिमा ४ वटा प्रजनन् योग्य माउ वाखा पालन गरेको हुनुपर्ने ।

ग) कार्यक्रमवाट उपलव्ध गराइने आर्थिक सहयोग निम्न अनुसार हुनेछ प्रस्तावकले अनुदान रकम वरावरको रकम( ५०:५० प्रतिशत)आफैले लगानी गर्नु पर्नेछ ।

१ निजि व्यवसायिक सुढृढिकरणको लागि बढिमा रु २५,०००। सम्म आर्थिक सहयोग प्रदान गरिनेछ

२ समूह /समितिमा व्यवसायिक वाखा पालन फर्म सुढृढिकरणको लागि वढीमा रु ३५,००० सम्म आर्थिक सहयोग प्रदान गरिनेछ

३ सहकारीमा व्यवसायिक वाखाँ पालन र्फाम सुढृढिकरणको लागि वढीमा रु ५०,००० सम्म आर्थिक सहयोग प्रदान गरिनेछ

४ नयाँ खोर /फार्म निर्माण गर्ने हकमा फार्मको किसिम /कुल लागत/प्राविधिक मुल्याङकन अनुसार लागत साझेदारीमा वढिमा रु५०,००० अनुदान प्रदान गर्न सकिनेछ ।

(नोट : सूचना अनुसारको कुनै फर्मको किसिममा आवेदन पर्याप्त मात्रामा नआएमा त्यसमा विनियोजित भएको रकम अर्को फर्म किसिमको संख्या थप गरि अनुदान उपलव्ध गराउन सकिने छ )

५ अनुदान रकम खर्च गर्न सकिने कृयाकलापहरु :

खोर निर्माण /सुढृढिकरणसँग सम्वन्धित कार्यहरु

- वाखाको खोर निर्माण /सुधार
- फार्मको जैविक सुरक्षाको लागि वार वन्देज
- फार्म व्यवस्थापनमा आवश्यक औजार उपकरण खरिद

### १.३ व्यवसायीक वङगुर/संङगुर फार्ममा खोर निर्माण /सुढृढिकरण तथा जैविक सुरक्षा कार्यक्रम सञ्चालन प्रक्रिया

क) कार्यक्रम सञ्चालन गर्दा वार्षिक स्वीकृत कार्यक्रमको बजेट सिमा भित्र रही यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (क) देखि(छ) सम्मको प्रावधानहरु अवलम्वन गरिनेछ ।

ख) यस कार्यक्रममा सहभागी हुन वंङगुर /सुङगुर पालक कृषक/फार्म/व्यवसायीले पाठा/पाठी उत्पादन प्रयोजनले कम्तीमा ५ वटा भूनी वा मासु उत्पादन प्रयोजनको लागि कम्तीमा १० वटा वङगुर /सुङगुर पालेको हुनुपर्नेछ ।

ग) यस कार्यक्रम प्रयोजनको लागि व्यवसायीक वंङगुर /सुङगुर फार्मको वर्गिकरण निम्न वमोजिम हुनेछ ।

| क.स. | फर्मको वर्गिकरण | पशु संख्या | | हुनु पर्ने आधार | कैफियत |
|---|---|---|---|---|---|
| | | न्यूनतम | अधिकतम | | |
| १ | साना | ५ | १० | माउ वंङगुर /सुङगुर | पाठापाठी को लागि |
| २ | मझौला | ११ | २० | | |
| ३ | ठूला | २१ | माथि | | |

| क.स. | फर्मको वर्गिकरण | पशु संख्या | | हुनु पर्ने आधार | कैफियत |
|---|---|---|---|---|---|
| | | न्यूनतम | अधिकतम | | |
| १ | साना | १० | २० | फ्याटनर वंङगुर /सुङगुर | मासुको लागि |
| २ | मझौला | २१ | ३० | | |
| ३ | ठूला | ३१ | माथि | | |

ग. कार्यक्रम संञ्चालनको लागि उपलब्ध गराईने आर्थिक सहयोग निम्नानुसार हुनेछ। प्रस्तावकले अनुदान रकम वरावरको रकम( ५०:५० प्रतिशत)आफैले लगानी गर्नु पर्नेछ।

१ साना फार्मलाई प्रति फार्म वढीमा रु१५,००० सम्म आर्थिक सहयोग प्रदान गरिनेछ

२ मझौला फार्म लाई प्रति फार्म वढीमा रु २५,००० सम्म आर्थिक सहयोग प्रदान गरिनेछ

३ ठूला व्यवसायिक फार्म लाई प्रति फर्म वढीमा रु ३५,००० सम्म आर्थिक सहयोग प्रदान गरिनेछ

४ नयाँ खोर /फार्म निर्माण गर्ने हकमा फार्मको किसिम /कुल लागत/प्राविधिक मुल्याङकन अनुसार लागत साझेदारीमा वढिमा रु३५,००० अनुदान प्रदान गर्न सकिनेछ।

(नोट : सूचना अनुसारको कुनै फर्मको किसिममा आवेदन पर्याप्त मात्रामा नआएमा त्यसमा विनियोजित भएको रकम अर्को फर्म किसिमको संख्या थप गरि अनुदान उपलब्ध गराउन सकिने छ )

५ अनुदान रकम खर्च गर्न सकिने कृयाकलापहरु :

- वंङगुर/सुङगुर खोर निर्माण /सुधार गर्न
- वंङगुर/सुङगुर फार्ममा आवश्यक पर्ने औजार /उपकरण खरिद गर्न वारवन्देज /जैविक सुरक्षाँको प्रवन्ध गर्न।
- फार्ममा बायोग्याँस निर्माण तथा फोहोर व्यवस्थापन गर्न
- नयाँ फार्म/खोर निर्माण गर्न।

**१.४ स्थानीय /व्रोइलर जातको कुखुरा फार्महरुलाई खोर निर्माण /सुढृढिकरण तथा जैविक सुरक्षा कार्यक्रम सञ्चालन प्रक्रिया**

१ कार्यक्रम सञ्चालन गर्दा वार्षिक स्वीकृत कार्यक्रमको वजेट सिमा भित्र रआी यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (क) देखि (छ) सम्मको प्रावधानहरु अवलम्वन गरिनेछ।

२ तपसिल अनुसारको संख्यामा कुखुरा पालन गरिरहेको कृषक/फार्म/व्यवसायीलाई कार्यक्रममा समावेश गरिनेछ।

| क.स. | फर्मको वर्गिकरण | पशु संख्या | | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | न्यूनतम | अधिकतम | | |
| १ | कुखुरा पालन गर्ने कृषकहरुलाई प्रोत्साहन अनुदान कार्यक्रम | | | प्रति कुखुरा २५ रुपैया | |
| २ | स्थानीय जातको | १०० | ५०० | | |
| ३ | व्रोइलर | ५०० | १००० | | |

३ अनुदान रकम खर्च गर्न सक्ने क्रियाकलापहरुः

- कुखुराको खोर निर्माण
- व्यवसायीक कुखुरा पालन फार्ममा आवश्यक पर्ने औजार/उपकरण खरिद र जडान
- चल्ला खरिद

## परिच्छेद ४

**१ मत्स्य विकास कार्यक्रम**

मत्स्य पालन व्यवसायलाई प्रवद्धन गर्न मत्स्य उत्पादन वृद्धि गर्न वजारको माग पुरा गर्न र कृषकहरुको आर्थिक रुपमा सुधार ल्याउन गोरखा नगरपालिकाले नयाँ माछा पोखरी निर्माण गर्न र पुराना पोखरी मर्मत गर्न अनुदान कार्यक्रम अगाडी सारेको छ।

**१.५ माछा पोखरी निर्माण**

**१.१ कार्यक्रम संञ्चालन प्रक्रिया**

क) कार्यक्रम सञ्चालन गर्दा वार्षिक स्वीकृत कार्यक्रमको बजेट सिमा भित्र रही यस कार्यविधिको परिच्छेद २ को दफा ४ को उपदफा (क) देखि(छ) सम्मको प्रावधानहरु अवलम्वन गरिनेछ।

ख) नयाँ निर्माण हुने पोखरीको क्षेत्रफल कम्तीमा १ रोपनी जलासय भएको हुनु पर्दछ (माटोको काम प्रवेश द्धार निकासा द्धार निर्माण पानी व्यवस्थापन) प्रति फर्म समुह /सहकारी वढीमा ५ रोपनी सम्मको पोखरी निर्माणको लागि अनुदान रु २५०००। उपलव्ध गरिनेछ ।

ग) पुरानो पोखरी मर्मत गर्न प्रति रोपनी बढिमा रु ५०००। को दरले अनुदान उपलव्ध गराउने छ।

**१.६ उन्नत गाई /भैसी ढुवानी अनुदान**

१. १५ दिनको सूचना प्रकाशन गरिने छ।

२. सम्वन्धित वडा कार्यालयको सिफारिस

३. नागरिकताको प्रतिलिपि

४ फर्म दर्ताको प्रतिलिपि

५. ढुवानी गरेको विल

६. उन्नत जातको गाई भैसी भएको हुनपर्ने छ।

**भुक्तानी प्रक्रिया**

विलको आधारमा भुत्तानी गरिने छ।

**१.७ एकल महिला तथा विपन्न वर्गका महिलालाई वाखा खोर सुधार अनुदान**

१. पन्ध्र( १५) दिनको सूचना प्रकाशन गरिने छ ।

२.एकल महिला तथा विपन्न वर्गको सिफारिस

३. खोरको फोटो (पुरानो नयाँ)

४. आम्दानीको श्रोत नभएकोलाई प्राथमीकता दिईने छ ।

५. सम्वन्धित वडा कार्यालयको सिफारिस

**भुक्तानी प्रक्रिया**

रित पूर्वक आएमा विल भरपाईको आधारमा भुत्तानी गरिने छ ।

## परिच्छेद ५

**विविध**

१ प्रचलित कानुन वमोजिम हुने यस कार्यविधिमा भएका कुराहरु यसै वमोजिम र नभएका कुराहरु कानुन वमोजिम हुनेछ ।कार्यविधिमा उल्लेख भएका प्रावधानहरु प्रचलित कानुन संग वाझिएमा हद सम्म अमान्य हुनेछ ।

१.२ वाधा अड्काउ फुकाउ( खारेज एव संशोधन)

- कार्यविधि कार्यन्वयनको सर्न्दभमा गोरखा नगरपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।
- कार्यविधि कार्यान्वयनमा वाधा अड्चन आई परेमा वा विवाद उत्पन्न भएमा गोरखा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।
- कार्यविधिलाई आवश्यकता अनुसार नगरपालिकाले खारेज वा संशोधन गर्न सक्नेछ ।

१.३ **कारवाहीको व्यवस्था**

प्रस्ताव स्वीकृत भएको फर्म /समुह /समिति/सहकारीहरुले नियम विपरित सम्झौता वमोजिमको कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाईएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन अनुसार कारवाही गरी सरकारी रकम असुल उपर गरिने छ ।

## अनुसूचि १ (क)

### अनुदान कार्यक्रम माग गर्न पेश गर्ने निवेदन

### (दर्तावाला फर्म/सहकारी/कृषक/समूहको लागी)

मिति:..........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

गोरखा नगरपालिका, नगरपालिकाको कार्यालय,

गोरखा ।

विषय:कार्यक्रम अनुदान सम्बन्धमा ।

प्रस्तुत विषयमा गोरखा नगरपालिका, पशु सेवा शाखाबाट मिति............................मा प्रकाशित सूचना अनुसार ....................................... शीर्षकको अनुदान कार्यक्रम संचालन गर्न तपशिलका कागजातहरू संलग्न गरी आवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

संलग्न कागजातहरू:

क) फर्म वा संस्थाले प्रचलित कानुन बमोजिम आधिकारीक निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि एक प्रति ।

ख) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि एक प्रति ।

ग) सम्बन्धित वडा कार्यालयले कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा विगतमा सहयोग ।उपलब्ध भएको भए के कति अनुदान भएको हो सोको व्यहोरा खुलाई थप अनुदान सहयोग दिन उपयूक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।

घ) समूह वा संस्थाको हकमा कार्य समितिको बैठकले अनुदान माग गर्नको लागि गरेको निर्णय प्रतिलिपि ।

ङ) आवेदकले आफूले संचालनमा गर्ने व्यवसायको परियोजना प्रस्ताव ।

च) फर्म वा व्यवसाय संचालनमा रहेको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तीमा ५ वर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि ।

छ) कार्यक्रम संचालन हुने आर्थिक वर्षका सम्पत्ति कर तथा भूमिकर तिरेको रसिदको प्रतिलिपि ।

ज) वडा कार्यलयको कृषक वर्गिकरण फारमको प्रतिलिपि (कृषक वर्गिकरण भएको अवस्थामा) ।

निवेदकको दस्तखत:

नाम,थर:

ठेगाना:

सम्पर्क नं:

छाप:

अनुसूचि १ (ख)

अनुदान कार्यक्रम माग गर्न पेश गर्ने निवेदन

(विपन्न, एकल महिला लक्षितको)

मिति:...............................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

गोरखा नगरपालिका, नगर कार्यपालिकको कार्यालय,

गोरखा ।

विषय: कार्यक्रम अनुदान सम्बन्धमा ।

प्रस्तुत विषयमा गोरखा नगरपालिका, पशु सेवा शाखाबाट मिति.................................मा प्रकाशित सूचना अनुसार........................................ शीर्षकको अनुदान कार्यक्रम संचालन गर्न तपशिलका कागजातहरू संलग्न गरी आवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

संलग्न कागजातहरू:

क) वडा कार्यालयबाट आर्थिक अवस्था प्रमाणित गरेको सिफारिस ।

ख) एकल महिलाको परिचय खुल्ने पत्र प्रतिलिपि

निवेदकको दस्तखत:

नाम थर:

ठेगाना:

सम्पर्क नं.:

## अनुसूचि ३(क)

(दर्तावाला व्यावसायिक फर्म /सहकारी /कृषक समूहको लागि)

| क.स. | छनौटका आधारहरू | अंक |
|---|---|---|
| १ | फर्म दर्ता भएको | क) २ वर्ष भन्दा बढि भएको _२५<br>ख) १ बर्ष देखि २ वर्ष भएको १०<br>ग) १ वर्ष भन्दा कम समय भएको ५ |
| २ | सम्वन्धित विषयमा ७ दिन भन्दा माथी तालिम लिएको | क) ७ दिन वा सो भन्दा वढि तालिम लिएको ७.५<br>ख) ७ दिन भन्दा कम तालिम लिएको ७<br>ग) तालिम नलिएको ५.५ |
| ३ | प्रस्तावकको मुख्य पेशा | क) मुख्य पेशा भएमा ११<br>ख) सहायक पेशा भएमा ९ |
| ४ | लक्षित वर्ग | क) सिमान्तकृत ४.५<br>ख) दलित तथा जनजाती ३.५<br>ग) अन्य २ |
| ५ | कार्यक्रम संञ्चालनको लागि पूर्वाधारको अवस्था( सडक,बत्ती, बजार) | क) पूर्वाधारको उत्तम व्यवस्था ४.५<br>ख) पूर्वाधारको मध्यम व्यवस्था ३.५<br>ग) पूर्वाधारको सामान्य व्यवस्था २ |

अनुसूचि ३(ख)

(विपन्न, एकल महिलाहरूका लागि)

| क.स. | छनौटका आधारहरू | अंक |
|---|---|---|
| १ | आर्थिक अवस्था | क) वार्षिक १ लाख भन्दा कम आम्दानी भएको १५<br>ख) वार्षिक १ लाख देखि ३ लाख सम्म आम्दानी भएको ८<br>ग) वार्षिक ३ लाख भन्दा वढि आम्दानी भएको ७ |
| २ | भौगोलिक अवस्था | क) मुख्य सडक र वजार क्षेत्रमा घर भएको ५<br>ख) सहायक स्तरको सडक क्षेत्रमा घर भएको ६<br>ग) वस्ती स्तरको सडक क्षेत्रमा घर भएको ९<br>घ) सडक र वजार क्षेत्रमा घर नभएको १० |
| ३ | पशु पक्षी संख्या | क) सम्वन्धित पशुको संख्या ५ पंक्षीको संख्या १२भन्दा माथी भएमा ७<br>ख) सम्वन्धित पशुको संख्या ३ पंक्षीको संख्या ८ देखि १२ भएमा ५<br>ग)सम्वन्धित पशुको संख्या ३ पंक्षीको संख्या ५ भन्दा कम भएमा ३ |
| ४ | तालिम | क) ७ दिन वा सो भन्दा वढिको तालिम प्राप्त ७<br>ख) ७ दिन भन्दा कम तालिम प्राप्त ५<br>ग) तालिम प्राप्त नगरेको ३ |
| ५ | प्रस्ताव दाताको स्थिती | क) परिवारमा ६०वर्ष नाघेको वृद्धवृद्धा र १६वर्ष मुनिका बालबालिका मात्र भएको ५<br>ख) एकल महिला परिवारमा एक्लो सदस्य भएमा ३<br>ग) अन्य २ |

.................कार्यक्रम संञ्चालन संग सम्वन्धित सम्झौता पत्र

सूचना/सम्झौता नं.

मिति:

गोरखा नगरपालिका पशु सेवा शखा कार्यविधि २०७७ र अनुदान मुल्याङकन समितिको मिति २०७७। । को निर्णय वमोजिम..............कार्यक्रम अर्न्तगतको................................फर्म (यसपछि दोश्रो पक्ष भनिने) र गोरखा नगरपालिका(प्रथम पक्ष भनिनें)वीच देहाय वमोजिमको शर्त पालना गर्ने गरी यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं /दियौं

१. सम्झौता गर्ने पक्ष र परियोजना

क)...................फर्मवाट सम्झौत ागर्ने आधिकारिक प्रतिनिधि

१.नाम

२ ठेगाना

३. गोरखा नगरपालिका.....................वडा नं.............गाउ.......टोल......

ख) कार्यक्रमको अवधि:

क)शरू हुने मिति

ख) सम्पन्न हुने मिति:

२) कार्यक्रम सञ्चालन हुने क्रियाकलाप सम्वन्धि विवरण

क) कार्यक्रमको नाम:

ख) कार्यक्रमको किसिम:

ग) कार्यक्रमको कुल लागतरू

३) प्रथम पक्षले सम्झौंता वमोजिम खर्च रकमको विल भरपाई सहितको कार्य सम्पन्न प्रतिवेदन दोश्रो पक्षवाढ प्राप्त भए पश्चातरू..........(अक्षररूपी..................) मा नवढ्ने गरी नियमानुसारको कन्टेन्जेन्सी र १.५ प्रतिशत अग्रिम आयकर कट्टागरी दाश्रोपक्षलाई भुक्तानी उपलव्ध गराउने वा सम्झौता वमोजिमको भुक्तानी पाउन अनिवार्य रूपमा विल पेश गर्नु पर्नेछ ।

४) दोस्रो पक्षको लापवाहिको कारणवाट कार्य सम्पन्न भई हानी नोक्सानी भएमा त्यसको सर्म्पूण जिम्मेवारी सम्वन्धित ....................................फर्मको हुनेछ।

५. दोस्रो पक्षले कार्यक्रम सम्पन्न भई सकेपछि फोटोहरूअग्रिम भूक्तानीको लागि विलभरपाईको साथमा अनिर्वाय रूपमा संलग्न गर्नुपनेछ।

६. दोस्रो पक्षले पशुपालन सहयोगका लागि लिइएको अनुदान रकम उक्त कार्यमा प्रयोग नगरी हिनामिना भएको देखिएमा प्रचलित नियम कानुन वमोजिम दिइएको अनुदान रकम दोस्रो पक्षवाट असुल उपर गरिनेछ।

७.स्थानिय आवश्यकता अनुसार दुवै पक्षको सहमतिमा माथि उल्लेखित शर्तहरूमा फेरवदल गर्न सकिनेछ।

अन्य दुवै वुदामा थपघट गर्नु परेमा दुवै पक्षको आपसि समझदारीमा गरिनेछ। उपरोक्त वमोजिमको कार्य गर्न मन्जुर छौ भनि दस्तखत गर्ने

| | |
|---|---|
| पथ्रम पक्षयको तर्फवाट | दोस्रोपक्ष |
| नाम थर | नाम |
| पद | ठेगाना |
| दस्तखत | दस्तखत |
| मिति | सस्थाको छाप |

अनुसूचि २(क)

दफा ७ संग सम्बन्धित

(दर्तावाला व्यावसायिक फर्म /सहकारी /कृषक समूहको लागि)

कृषकको नाम :

ठेगाना

सर्म्पक नं.

खोर/ गोठ मुल्याङकन फारम

| क.स. | छनौटका आधारहरू | प्राप्त अंक |
|---|---|---|
| १ | फर्म दर्ता भएको | क) ३ वर्ष भन्दा बढि भएको<br>ख) १ बर्ष देखि ३ वर्ष भएको<br>ग) १ वर्ष भन्दा कम समय भएको |
| २ | सम्वन्धित विषयमा ७ दिन भन्दा माथी तालिम लिएको | क) ७ दिन वा सो भन्दा वढि तालिम लिएको<br>ख) ७ दिन भन्दा कम तालिम लिएको<br>ग) तालिम नलिएको |
| ३ | समूह सहकारी वा व्यक्तिगत फर्म | क) समूह सहकारी<br>ख) व्यक्तिगत |
| ४ | प्रस्तावकको मुख्य पेशा | क) मुख्य पेशा भएमा<br>ख) सहायक पेशा भएमा |
| ५ | लक्षित वर्ग | क) सिमान्तकृत<br>ख) दलित तथा जनजाती<br>ग) अन्य |
| ६ | कार्यक्रम संञ्चालनको लागि पूर्वाधारको अवस्था( सडक,बत्ती, बजार) | क) पूर्वाधारको उत्तम व्यवस्था<br>ख) पूर्वाधारको मध्यम व्यवस्था<br>ग) पूर्वाधारको सामान्य व्यवस्था |

अनुगमन गर्ने प्राविधिकको नाम: कृषकको दस्तखत: अनुगमन मिति:

दस्तखत:

अनुसूचि २(ख)

दफा ७ संग सम्बन्धित

(विपन्न दलित जनजाती सिमान्तकृत महिलाहरूका लागि)

कृषकको नाम :

ठेगाना

सर्म्पक नं.

खोर/ गोठ मुल्याङकन फारम

| क.स. | छनौटका आधारहरू | अंक |
|---|---|---|
| १ | आर्थिक अवस्था | क) वार्षिक १ लाख भन्दा कम आम्दानी भएको<br>ख) वार्षिक १ लाख देखि ३ लाख सम्म आम्दानी भएको<br>ग) वार्षिक ३ लाख भन्दा वढि आम्दानी भएको |
| २ | भौगोलिक अवस्था | क) मुख्य सडक र वजार क्षेत्रमा घर भएको<br>ख) सहायक स्तरको सडक क्षेत्रमा घर भएको<br>ग) वस्ती स्तरको सडक क्षेत्रमा घर भएको<br>घ) सडक र वजार क्षेत्रमा घर नभएको |
| ३ | पशु पक्षी संख्या | क) सम्वन्धित पशुको संख्या ५ पंक्षीको संख्या १२भन्दा माथी भएमा<br>ख) सम्वन्धित पशुको संख्या ३ पंक्षीको संख्या ८ देखि १२ भएमा |

| | | |
|---|---|---|
| | | ग)सम्वन्धित पशुको संख्या ३ पंक्षीको संख्या ५ भन्दा कम भएमा |
| ४ | तालिम | क) ७ दिन वा सो भन्दा वढिको तालिम प्राप्त<br>ख) ७ दिन भन्दा कम तालिम प्राप्त<br>ग) तालिम प्राप्त नगरेको |
| ५ | प्रस्ताव दाताको स्थिती | क) परिवारमा ६०वर्ष नाघेको वृद्धवृद्धा र १६वर्ष मुनिका बालबालिका मात्र भएको<br>ख) एकल महिला परिवारमा एक्लो सदस्य भएमा<br>ग) अन्य |

कृषकको दस्तखत : अनुगमन गर्ने प्राविधिकको नाम: अनुगमन मिति:

दस्तखत:

अनुसूचि ३(क)

(दर्तावाला व्यावसायिक फर्म /सहकारी /कृषक समूहको लागि)

| क.स. | छनौटका आधारहरू | अंक |
|---|---|---|
| १ | फर्म दर्ता भएको | क) २ वर्ष भन्दा बढि भएको _<br>ख) १ बर्ष देखि २ वर्ष भएको<br>ग) १ वर्ष भन्दा कम समय भएको |
| २ | सम्वन्धित विषयमा ७ दिन भन्दा माथी तालिम लिएको | क) ७ दिन वा सो भन्दा वढि तालिम लिएको<br>ख) ७ दिन भन्दा कम तालिम लिएको<br>ग) तालिम नलिएको |
| ३ | प्रस्तावकको मुख्य पेशा | क) मुख्य पेशा भएमा<br>ख) सहायक पेशा भएमा |

| | | |
|---|---|---|
| ४ | लक्षित वर्ग | क) सिमान्तकृत<br>ख) दलित तथा जनजाती<br>ग) अन्य |
| ५ | कार्यक्रम संञ्चालनको लागि पूर्वाधारको अवस्था( सडक,बत्ती, बजार) | क) पूर्वाधारको उत्तम व्यवस्था<br>ख) पूर्वाधारको मध्यम व्यवस्था<br>ग) पूर्वाधारको सामान्य व्यवस्था |

अनुसूचि ३(ख)

(विपन्न, एकल महिलाहरूका लागि)

| क.स. | छनौटका आधारहरू | अंक |
|---|---|---|
| १ | आर्थिक अवस्था | क) वार्षिक १ लाख भन्दा कम आम्दानी भएको<br>ख) वार्षिक १ लाख देखि ३ लाख सम्म आम्दानी भएको<br>ग) वार्षिक ३ लाख भन्दा वढि आम्दानी भएको |
| २ | भौगोलिक अवस्था | क) मुख्य सडक र वजार क्षेत्रमा घर भएको<br>ख) सहायक स्तरको सडक क्षेत्रमा घर भएको<br>ग) वस्ती स्तरको सडक क्षेत्रमा घर भएको<br>घ) सडक र वजार क्षेत्रमा घर नभएको |
| ३ | पशु पक्षी संख्या | क) सम्वन्धित पशुको संख्या ५ पंक्षीको संख्या १२भन्दा माथी भएमा ७<br>ख) सम्वन्धित पशुको संख्या ३ पंक्षीको संख्या ८ देखि १२ भएमा ५<br>ग)सम्वन्धित पशुको संख्या ३ पंक्षीको संख्या ५ भन्दा कम भएमा ३ |
| ४ | तालिम | क) ७ दिन वा सो भन्दा वढिको तालिम प्राप्त ७<br>ख) ७ दिन भन्दा कम तालिम प्राप्त ५<br>ग) तालिम प्राप्त नगरेको ३ |

आज्ञाले,
दिनेश राज पन्त
प्रमुख प्रशासकीय अधिकृत